# बुलेटिन

जिल्ला प्रशासन कार्यालय डडेल्धुराबाट प्रकाशित

कोभिड १९ विशेष मिति : २०७७।०१।२२

COVID-19 को सम्भावित जोखिमबाट जोगिनका लागि डडेल्धुरा जिल्लामा अपनाइएका सतकर्ता, सचेतना, सूचना प्रवाह, स्वास्थ्य चेकजाँच, नमूना संकलन तथा परिक्षण, लकडाउन कार्यान्वयन, क्वारेन्टाइन व्यवस्थापन, राहत वितरण समेतका कार्यहरुको मुख्य मुख्य क्रियाकलापहरु समावेश गरी यो बुलेटिन प्रकाशित गरिएको छ ।

COVID-19 विश्वव्यापी महामारीको रुपमा फैलिएको यो शताब्दिकै ठूलो महामारीजन्य विपद् भैसकेको छ । अन्य प्रकारका विपद्को प्रतिकार्य जस्तै यस महामारीको प्रतिकार्यका लागि जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला सुरक्षा समिति, Command Post र जिल्ला संकट व्यवस्थापन केन्द्र (DCMC) को बैठक गरी निर्णयहरु कार्यान्वयन गरिदै आइरहिएको छ ।

नेपाल सरकारबाट लकडाउन (बन्दाबन्दी) को निर्णय हुनुपूर्व COVID-19 को संक्रमणबाट जोगिनका लागि अपनाउनुपर्ने स्वास्थ्य सचेतना, भिडभाड नगर्ने, मानिसहरु जम्मा भै मेला, पर्व, सेमिनार आदि कार्य नगर्न सूचना संम्प्रेषण तथा आवश्यक प्रबन्ध गरिएको, बाहिरबाट जिल्ला प्रवेश गर्ने व्यक्तिहरुको सामान्य रुपमा स्वास्थ्य चेकजाँच गर्न Health Help Desk स्थापना गरी कार्य गरिएकोमा लकडाउन पश्चात अत्यावश्यक बाहेकका सेवा, सवारी आवागमन आवत जावत निषेध गरिएको र लकडाउनलाई निरन्तरता दिइदै आइरहेको छ ।

नेपाल सरकार मन्त्रिपरिषद्बाट भएका निर्णयहरु, COVID-19 रोग रोकथाम उच्च स्तरीय समितिबाट भएका निर्णयहरु, गृह मन्त्रालयबाट भएका निर्णयहरु, परिपत्रहरु, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, केन्द्रिय संकट व्यवस्थापन केन्द्र (CCMC) र NEOC का निर्णयहरु, परिपत्रहरु सुदूरपश्चिम प्रदेश सरकारबाट भएका निर्णयहरु, परिपत्रहरु कार्यान्वयनका लागि DCMC ले जिल्ला स्थित सबै स्थानीय तहहरु, सुरक्षा निकायहरु र सम्बद्ध सबै सरोकारवाला निकायसँग समन्वयात्मक भूमिका निर्वाह गर्दै जिल्लाका आम नागरिकहरुको स्वास्थ्य सुरक्षा र संक्रमणबाट जोगिनका लागि सक्रियताका साथ क्रियाशिल भैरहेको छ ।

## गतिविधिहरु:




**परशुराम न.पा. वडा नं. ६ मा महाकाली नदी सीमानामा मिति २०७६।११।२९ मा Health Help Desk स्थापना र सीमा क्षेत्रका व्यक्तिहरुलाई अभिमूखीकरण :**




**परशुराम न.पा. वडा नं. ५ शीर्ष परिगाउँमा महाकाली नदी सीमानामा मिति २०७६।११।२९ मा Health Help Desk स्थापना र सीमा क्षेत्रका व्यक्तिहरुलाई अभिमूखीकरण :**




**अमरगढी नगरपालिका वडा नं. १ स्याउलेमा स्थापित Health Help Desk :**

# जिल्ला प्रशासन कार्यालय, डडेल्धुराबाट जारी गरिएका सूचनाहरु :

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
**डडेल्धुरा**

फोन नं. :४२०१३३
४२०५५५
फ्याक्स नं.:४२०१५३
daodadeldhura133@gmail.com

पत्र संख्या :- २०७६/०७७/प्र.
चलानी नं. :-

मिति :- २०७६/१२/१०

**विषय : जिल्ला प्रशासन कार्यालय डडेल्धुराद्धारा जारी गरिएको सूचना ।**

विश्वव्यापी माहामारीको रुपमा फैलिई रहेको नोवेल कोरोना भाइरसको संक्रमणको सम्भावित उच्च जोखिमबाट यस जिल्ला पनि अलग नरहेकाले संभावित संक्रमणबाट जोगिन पूर्वसजगता र सतर्कता अपरिहार्य छ । भारतबाट यस जिल्लामा घर फिर्ता भएका नेपालीहरुलाई १४ दिन सम्म स्व-क्वारेन्टाईनमा रहन र आवस्यकता अनुसार सार्वजनिक विद्यालय/ भवनमा क्वारेन्टाईनको व्यवस्था गर्न स्थानीय तहहरुलाई पत्राचार भई सकेको छ । निगरानीका लागि प्रहरी र स्वास्थ्यकर्मी पनि परिचालन गरिएको छ । यस जिल्लालाई कोरोना भाईरसको संक्रमणबाट जोगाउनका लागि अत्यावश्यक सेवा बाहेकका अन्य सवै व्यापार, व्यवसाय, समूहमा मानिस जम्मा भई मेला, सभा, गोष्ठि, सेमिनार गर्न, भिडभाड हुने गरी आवत जावत गर्न मिति २०७६।१२।११ गते देखी अर्को सूचना नभएसम्मका लागि निषेध गरिएको व्यहोरा सम्बन्धित सबैमा हार्दिक अनुरोध छ । यस सूचनाको उल्लघंन गर्ने उपर कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

जगन्नाथ पन्त
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

---

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**

फोन नं. :०९६-४२०१३३
:०९६-४२०५५५
फ्याक्सः :०९६-४२०१५३
daodadeldhura133@gmail.com
खलङ्गा, डडेल्धुरा

पत्र संख्या :- २०७६/०७७/प्र.
चलानी नं. :-

मिति :- २०७६/१२/१८

विषय: निषेधाज्ञाको अवधि थप गरिएको सम्बन्धि सूचना ।

विश्वव्यापी माहामारीको रुपमा फैलिई रहेको नोवेल कोरोना भाईरसको संकमणको संभावित संक्रमणको सम्भावित उच्च जोखिमलाई मध्यनजर गर्दै नेपाल सरकारले लक डाउनको अवधि मिति २०७६।१२।२५ गते सम्म थप गरेकाले संक्रामक रोग नियन्त्रण ऐन, २०२० को दफा २ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कोरोना भाइरस (COVID–19) को रोकथाम र निर्मूल गर्ने प्रयोजनका लागि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ३ बमोजिम डडेल्धुरा जिल्लाभर मिति २०७६।१२।११ गते देखी लागू हुने गरी निषेधाज्ञा जारी गरिएकोमा देहाय बमोजिमको निषेधाज्ञा आदेशको अवधि मिति २०७६ चैत्र २५ गते राती १२:०० बजे सम्मका लागि थप गरिएकाले सर्व साधारण सवैको जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

क) औषधी उपचार, खाद्यबस्तु खरिद, पेट्रोलियम पदार्थ खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घर बाहिर निस्कन नहुने ।
ख) अनुमती प्राप्त सवारी साधन, एम्बुलेन्स, दमकल, खाद्यन्न ढुवानी गर्ने साधन, फोहरमैला व्यवस्थापनमा प्रयोग हुने सवारी साधन, दुध बोक्ने गाडी, शववाहन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन, प्रेस पास बाहेकका अन्य सवै प्रकारका सार्वजनिक वा नीजि यात्रुवाहक सवारी साधन (मोटरसाईकल समेत) डडेल्धुरा जिल्लाभर सञ्चालन गर्न नहुने ।

जगन्नाथ पन्त
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

---

## District Crisis Management Center (DCMC) को गठन

### पदाधिकारीहरु

| | |
|---|---|
| प्र.जि.अ. श्री जगन्नाथ पन्त | - अध्यक्ष |
| प्र.से. गणपती श्री बिक्रम देव गिरी | - सदस्य |
| प्र.ना.उ. श्री दधिराम न्यौपाने | - सदस्य |
| स.प्र.ना.उ. श्री भूवनराज पन्त | - सदस्य |
| प्र.अ.अ.श्री असोक राज भट्ट | - सदस्य |
| नि.जि.स.अ.श्री करुणाकर अवस्थी | - सदस्य |
| मे.सु. श्री जगदिशचन्द्र विष्ट | - सदस्य |
| का.प्र. श्री आशुतोष श्रेष्ठ | - सदस्य |
| स.प्र.जि.अ. श्री गणेश दत्त ओझा | - सदस्य सचिव |

### सल्लाहकार समिति

जिल्ला समन्वय समिति प्रमुख श्री गणेश राज भट्ट
अमरगढी नगरपालिका नगरप्रमुख श्री विशेश्वर प्रसाद ओझा
अजयमेरु गाउँपालिका अध्यक्ष श्री उमेश भट्ट

## जिल्ला स्तरीय Rapid/Quick Response Team (RRT/QRT) को गठन

### पदाधिकारीहरु

| | | |
|---|---|---|
| स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | - संयोजक |
| मे.सु. | डडेल्धुरा अस्पताल | - सदस्य |
| प्रमुख | स्वास्थ्य कार्यालय | - सदस्य |
| अधिकृत प्रतिनिधि | नेपाली सेना | - सदस्य |
| अधिकृत प्रतिनिधि | नेपाल प्रहरी | - सदस्य |
| अधिकृत प्रतिनिधि | सशस्त्र प्रहरी बल | - सदस्य |

## स्थानीय तह स्तरीय Rapid/Quick Response Team (RRT/QRT) को गठन

### पदाधिकारीहरु

| | |
|---|---|
| स्थानीय तहका प्रमुख | - संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख | - सदस्य |
| सम्वन्धित स्वास्थ्य चौकीका प्रमुख | - सदस्य |
| सम्वन्धित स्थानीय तहमा रहेको ई.प्र.का./प्र.चौकी इन्चार्ज | - सदस्य |

## क्वारेन्टाइन अनुगमन तथा सहजीकरण समितिको गठन

**पदाधिकारीहरु**

| | | |
|---|---|---|
| स.प्र.जि.अ. | श्री गणेश दत्त ओझा | -संयोजक |
| सह-सेनानी | श्री युवराज श्रीस | - सदस्य |
| प्र.नि. | श्री बीरेन्द्र बहादुर बोहरा | - सदस्य |
| स.प्र.ना.नी | श्री विरेन्द्र चन्द | - सदस्य |
| वि.नि. | श्री हेमन्तराज पन्त | - सदस्य(आमन्त्रित) |
| ल्या.टे.नि. | श्री बिरेन्द्र सिंह बडाल | - सदस्य |

**मिति २०७६ साल फागुन अन्तिम हप्ता पश्चात डडेल्धुरा जिल्लामा विभिन्न मुलुकबाट आएका व्यक्तिहरुको विवरण**

| क्र.सं. | स्थानीय तह | भारत तथा अन्य मुलुकबाट आएको संख्या |
|---|---|---|
| १ | अमरगढी न.पा. | १५१ |
| २ | परशुराम न.पा. | १३०० |
| ३ | नवदुर्गा गा.पा. | ३४४ |
| ४ | भागेश्वर गा.पा. | १६१ |
| ५ | आलिताल गा.पा. | १२४ |
| ६ | अजयमेरु गा.पा. | ११० |
| ७ | गन्यापधुरा गा.पा. | ९४ |
| | **जम्मा** | २२८४ |

**स्रोत : स्थानीय तहबाट प्राप्त विवरण अनसार**

## मिति २०७६।१२।०२ गतेको बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट पारित स्वास्थ्य क्षेत्रको कार्ययोजना र अन्य निर्णयहरु :

### डडेल्धुरा जिल्लाको COVID-19 तयारी, रोकथाम एवम् प्रतिकार्य कार्ययोजना

| सि.नं. | क्षेत्र | क्रियाकलापहरु | सम्बन्धित व्यक्ति/कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | आदेश/ समन्वय | प्रत्येक स्थानीय तह, अस्पतालमा सम्पर्क व्यक्ति तोक्ने | सम्पूर्ण स्थानीय तह र अस्पतालहरु | स्वास्थ्य कार्यालयको हकमा महामारी फोकल व्यक्ति रहने |
| | | आवश्यकता अनुसार जिल्ला विपत् व्यवस्थापन समतिको बैठक बस्ने | जिल्ला प्रशासन कार्यालय | स्वास्थ्य कार्यालयले COVID-19 को अवस्थाबारे जानकारी जिल्ला प्रशासन कार्यालयलाई दिने |
| | | सम्पूर्ण स्थानीय तहसँग समन्वय गरी स्थानीय तहको विपत व्यवस्थापन समितिको बैठक बसी COVID-19 पूर्व तयारी, नियन्त्रण र रोकथामको छलफल र आवश्यक तयारी गर्ने | सबै स्थानीय तहहरु | |
| | | जिल्ला स्थित सबै सरोकारवालाहरु, सरकारी, गैर सरकारी, निजी, सामुदायिक अस्पताल र स्वास्थ्य क्षेत्रमा काम गर्ने संघ संस्थाहरुसँग समन्वय गरी आवश्यक तयारी गर्ने | जिल्ला प्रशासन कार्यालय र स्वास्थ्य कार्यालय | |
| २ | पहिचान, अनुसन्धान एवं केस व्यवस्थापन | COVID-19 रोग उपचार व्यवस्थापनको लागि Quarantine र Isolation को लागि स्थान तथा घर व्यवस्थापन गर्ने | जिल्ला प्रशासन कार्यालय, स्थानीय तहहरु, सुरक्षा निकायहरु, अस्पतालहरु, सरकारी कार्यालयहरु र स्वास्थ्य कार्यालय | |
| ३ | संक्रमण रोकथाम तथा नियन्त्रण | स्वास्थ्यकर्मीहरुलाई Personal Protective Equipments, Orientation र केस प्रेषणको तयारी | स्थानीय तहहरु र अस्पतालहरु | |
| ४ | निगरानी तथा जोखिम व्यवस्थापन | COVID-19 बारे स्थानीय तहहरुले स्वास्थ्य कार्यालयलाई तथा अस्पताल र स्वास्थ्य कार्यालयले प्रादेशिक HEOC लाई जानकारी गर्ने | अस्पतालहरु, स्वास्थ्य कार्यालय र स्थानीय तहहरु | |
| | | सबै स्थानीय तहहरुले अन्तर्गतका स्वास्थ्यकर्मीलाई COVID-19 बारेमा परिचय, लक्षण, उपचार र व्यवस्थापन सम्बन्धी जानकारी हुन आवश्यक व्यवस्था मिलाउने | स्थानीय तहहरु | प्राविधिक सहयोगका लागि स्थानीय तहका स्वास्थ्य शाखाले स्वास्थ्य कार्यालयसँग समन्वय |

| सि. नं. | क्षेत्र | क्रियाकलापहरु | सम्बन्धित व्यक्ति/कार्यालय | कैफियत |
|---|---|---|---|---|
| | | | | गर्ने । |
| | | हेल्थ डेस्क निर्देशिका बमोजिम स्थानीय तहले जिल्ला प्रशासन कार्यालय र स्वास्थ्य कार्यालयसँग समन्वय गरी हेल्थ डेस्क स्थापना गर्ने । | स्थानीय तहहरु | सञ्चालनमा रहेका Health Desk लाई निरन्तरता दिने । |
| | | भिडभाड हुने महोत्सव, मेला, पार्टी, सभा सम्मेलन, र्‍याली आदि नगर्ने । | सबै सरकारी कार्यालयहरु, स्थानीय तहहरु, गैर सरकारी संस्थाहरु | |
| | | सबै स्थानीय तहहरुले COVID-19 बारेमा गरेका क्रियाकलापहरु, Health Desk का गतिविधिहरु PHEOC लाई जानकारी गर्न अभिलेख राख्ने | स्थानीय तहहरु | |
| ५ | जनचेतना र जोखिम संचार व्यवस्थापन | सबं सञ्चार माध्यमबाट जनहितमा जारी सन्देश प्रकाशन तथा प्रसारण | स्वास्थ्य कार्यालय, सबै मिडियाहरु र स्थानीय तहहरु | |
| | | COVID-19 सम्बन्धि अन्तरवार्त र कक्षाहरु सञ्चालन | स्वास्थ्य कार्यालय, अस्पतालहरु र सबै मिडियाहरु | |
| | | प्रत्येक स्थानीय तह र सरकारी कार्यालयहरुमा COVID-19 को Flex राख्ने | स्थानीय तहहरु र सरकारी कार्यालयहरु | |
| ६ | खरिद तथा आपूर्ति | COVID-19 सम्बन्धि PPE, Mask, Thermometer, Sanitizers, IP Materials, Medicines, Transportation, Media सन्दर्भ सामाग्री छपाई खरिद आदि गर्ने र मौज्दात राख्ने | स्थानीय तहहरु | |
| ७ | वित्तिय व्यवस्थापन | सम्पूर्ण औषधि उपकरण तथा आवश्यक सामाग्रीहरु र क्रियाकलापहरुको लागि आफ्नो स्रोतबाट व्यवस्थापन गर्ने | स्थानीय तहहरु | |
| ८ | समन्वय र सहकार्य | सबै स्थानीय तहहरुले एक अर्कासँग र आवश्यक परेमा गैर सरकारी संस्थाहरुसँग समन्वय गर्ने | सम्बन्धित सबै | |

## मुख्य मुख्य निर्णयहरु :

१) नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको प.सं. २०७६।०७७ च.नं. प्रा.स. ४२१/५४५९ मिति २०७६।११।२१ को Covid–19 को सक्रमण प्रति सजगता, रोकथाम तथा नियन्त्रण सम्बन्धमा बिषयको परिपत्र, सु.प. प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयको मिति २०७६।११।३० को पत्रसाथ प्राप्त भएकोमा सो सम्बन्धमा जानकारी आदान प्रदानका साथै जिल्लामा गर्नु पर्ने कार्य कार्यान्वयन गर्ने निर्णय गरियो ।

२) Covid–19 को रोकथाम तथा नियन्त्रणका लागि यस जिल्लाको सदर मुकाममा रहेको डडेल्धुरा अस्पतालमा आइसुलेसन वार्ड तयार भएको र परशुराम न.पा. को जोगबुडा अस्पतालमा आसुलेसन वार्ड र क्वारेन्टाईन स्थापना हुने क्रममा रहेको व्यहोरा समेत बैठकमा जानकारी गराईयो ।

३) यस जिल्लाको परशुराम न.पा. वडा नं. ५ र ६ को महाकाली नदिको सिमा क्षेत्रमा स्थापना गरिएको Forehead thermometer सहितको हेल्थ हेल्फ डेक्स स्थापना र सञ्चालन भएको बिषय र स्वास्थ्य कार्यालय डडेल्धुराको मिति २०७६।११।२७ को Epidemiology and Disease Control Division को COVID–19 को नेपाली प्रस्तुतीकरण सहितको सामग्रीहरु सवै स्थानीय तहहरुलाइ पठाईएको पत्रको बिषयमा जानकारी आदान प्रदान भयो । सो अबलम्बन गर्न सवै स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

४) विश्वव्यापी रुपमा प्रकोपको फैलदै आईरहेको Covid–19 को रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य कार्यालय डडेल्धुराले तयार पारेको Covid–19 तयारी, रोकथाम एवं प्रतिकार्य योजना २०७६ बैठकमा छलफल गरी सो कार्य योजना अनुसारको कार्य सम्बद्ध सवै निकायहरुले तत्काल कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

५) यस जिल्लामा घट्न सक्ने संभावित प्राकृतिक प्रकोप तथा विपद्को समयमा राहत तथा उद्धार कार्यका लागि सवै स्थानीय तहहरुमा Night Landing Facility सहितको हेलिप्याड निर्माण गर्न आवश्यक भएको हुँदा यस जिल्लाका सवै स्थानीय

तहहरुको उपयुक्त स्थानहरुमा हेलिप्याड निर्माणका लागि श्री रणबम गण दह व्यारेक डडेल्धुराको मिति २०७६।११।२७ गतेका पत्रबाट अनुरोध भई आएकाले उपरोक्तानुसार यस जिल्लाका सबै स्थानीय तहहरुले आ-आफ्नो स्थानीय तहहरुमा Night Landing Facility सहितको हेलिप्याड निर्माण गर्न आवश्यक बजेट व्यवस्था मिलाउन र नेपाली सेनाको प्राविधिक सहयोग लिई हेलिप्याड निर्माण गर्न अनुरोध गर्ने निर्णय गरियो ।

## जिल्लामा भएका एम्बुलेन्सको विवरण

| क्र.सं. | एम्बुलेन्स नं. | एम्बुलेन्स धनी/निकाय | चालकको नामथर | फोन नं. |
|---|---|---|---|---|
| १ | से.१ फ २४७ | डडेल्धुरा अस्पताल | दिपक पन्त | ९८४८७६६६०१ |
| २ | बा १ फ ८८०७ | डडेल्धुरा अस्पताल | सुरेश ठकुराठी | ९८६८४०७५४६ |
| ३ | म १ फ ७७ | डडेलधुरा अस्पताल | पुष्प राज पाठक | ९८४८७६५५९९ |
| ४ | सु.प.प्र.०१-०००३४९ | परशुराम न.पा. | तेज बहादुर थापा | ९८४८८३११५७ |
| ५ | म १ फ ९७ | जोगबुढा अस्पताल | शेर बहादुर बोहरा | ९८६८७२६६०६ |
| ६ | ना.अ.प.च.१८६ | नवदुर्गा गा.पा. | राजेन्द्र कैनी | ९८४८७६९५१५ |
| ७ | म १ फ ११२ | अजयमेरु गा.पा. | पुस्कर राज पन्त | ९८६५८१२९२७ |
| ८ | म १ फ १११ | आलिताल गा.पा. | हरी बहादुर थापा | ९८१५६८२१८६ |
| ९ | से १ फ ३११ | भागेश्वर गा.पा. | गोविन्द नाथ | ९८६८५५८३९९ |
| १० | से १ च १९५० | गन्यापधुरा गा.पा. | गणेश मल्ल | ९८६९६५७१९१ |
| ११ | म १ च १९८ | उग्रतारा यातायात | पल्लब सिंह भण्डारी | ९८६८७७१२४४ |

## डडेल्धुरा जिल्लामा PCR र RDT गराएको विवरण

| क्र.सं. | स्थानीय तहगतका व्यक्तिहरु | PCR संख्या | RDT संख्या |
|---|---|---|---|
| १ | अमरगढी न.पा. | २९ | ११४ |
| २ | परशुराम न.पा. | ९७ | ४९ |
| ३ | नवदुर्गा गा.पा. | १३ | २ |
| ४ | भागेश्वर गा.पा. | १२ | २ |
| ५ | आलिताल गा.पा. | १७ | ३७ |
| ६ | अजयमेरु गा.पा. | १८ | ३१ |
| ७ | गन्यापधुरा गा.पा. | २३ | ४ |
| ८ | डोटी जिल्लाको व्यक्ति | ० | १ |
| ९ | बझाङ्ग जिल्लाको व्यक्ति | ५ | १ |
| १० | कञ्चनपुर जिल्लाको व्यक्ति | २ | ० |
| ११ | बैतडी जिल्लाको व्यक्ति | २ | ५ |
| | जम्मा | २१८ | २४६ |

नोट नतिजा :- RDT 2 Positive र 244 Negative, PCR-सबै Negative

यसमा डडेल्धुरा अस्पताल र जोगबुढा अस्पतालबाट संकलित नमूना समेतको संख्या समावेश गरिएको ।


## Isolation bed क्षमता :

| क्र.सं. | अस्पतालको नाम | Isolation क्षमता |
|---|---|---|
| १ | डडेल्धुरा अस्पताल | १० |
| २ | जोगबुढा अस्पताल | ८ |
| | **जम्मा** | **१८** |

नेपाल प्रहरीबाट विभिन्न स्थानमा गरिएको सुरक्षा र जनचेतना :




स्रोत : जिल्ला प्रहरी कार्यालय




स्रोत : जिल्ला प्रहरी कार्यालय




स्रोत : जिल्ला प्रहरी कार्यालय




स्रोत : जिल्ला प्रहरी कार्यालय




स्रोत : जिल्ला प्रहरी कार्यालय




स्रोत : जिल्ला प्रहरी कार्यालय




सुदूरपश्चिम प्रदेश समितिबाट गठित जिल्ला स्तरीय राहत वितरण अनुगमन समितिबाट भएको अनुगमन

**स्थानीय तहहरुबाट हालसम्म वितरित राहतको विवरण**

| क्र.स. | न.पा./गा.पा. | राहत प्राप्त गर्ने घर धुरी संख्या | समाग्री विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | चामल (के.जी.) | दाल (के.जी.) | तेल (लिटर) | नुन (के.जी.) | चिनि (के.जी.) | सावुन (गोटा) | अन्य पिठो |
| १ | अमरगढी न.पा | १७१२ | १८४५० | २१०९ | ७५३ | १७०० | ० | ३५०८ | ० |
| २ | परशुराम न.पा | ८८९ | १४०५० | १३९५ | ६९८ | १३९५ | ० | ९० | ० |
| ३ | नवदुर्गा गा.पा. | ९९४ | १६३२० | २२७० | ४९७ | ९९४ | ० | ९९४ | ० |
| ४ | भागेश्वर गा.पा. | ८१९ | १०७५७५ | १४३६ | १२४६ | १३२८ | ८८६ | २२६६ | ० |
| ५ | आलिताल गा.पा. | ४७८ | १४१७५ | १२९० | ६३० | १०३५ | ० | ० | १२७५ |
| ६ | अजयमेरू गा.पा. | ५३५ | ८९०० | ११६५ | ११४० | ११४० | ५० | १८९० | ० |
| ७ | गन्यापधुरा गा.पा. | १३१३ | २७०४५ | २४७७ | १६२६ | १८३५ | १२७६ | ३१३५ | ० |
| | जम्मा | ६७४०.० | २०६५१५.० | १२१४१.५ | ६५८९.५ | ९४२७.० | २२१२.० | ११८८३.० | १२७५.० |

**स्रोत : स्थानीय तहहरुबाट प्राप्त विवरण**



**DCMC को अनुरोधमा CCMC बाट हेलिकप्टर मार्फत VTM ढुवानी**



**नेपाली सेना, रणबम गणद्वारा क्वारेन्टाइन निर्माणमा प्राविधिक सहयोग**

| स्वास्थ्य सामाग्री मौजात | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि नं | संस्थाको नाम | पि पि ई मौजात | N95 | Gloves | virex | Surgical Mask | spray pump | sodium hypochloride | IR thermometer |
| १ | डडेल्धुरा अस्पताल | 12 | १० | | | | | | 2 |
| २ | अमरगढी न पा | 20 | 30 | 500 | 60 | 500 | 0 | 0 | 1 |
| ३ | परशुराम न पा | 10 | 50 | 500 | 100 | 100 | 10 | 1 | 5 |
| ४ | आलिताल गा पा | 11 | 0 | 1000 | 30 | 50 | 0 | 0 | 5 |
| ५ | गन्याधुरा गा पा | 3 | 10 | 0 | 100 | 250 | 0 | 0 | 10 |
| ६ | नवदुर्गा गा पा | 0 | 50 | 5000 | 300 | 1000 | 0 | 0 | 5 |
| ७ | अजयमेरु गा पा | 14 | 0 | 1000 | 150 | 500 | 1 | 40lt | 3 |
| ८ | भागेश्वर गा पा | 82 | 30 | 2000 | 80 | 500 | 0 | 50lt | 6 |
| ९ | स्वास्थ्य कार्यालय | 6 | 15 | 1000 | 96 | 500 | 2 | 0 | 3 |
| | जम्मा | 158 | 195 | 11000 | 916 | 3400 | 13 | 90 lt | 40 |



**VTM बाट स्वाब नमूना संकलन**

## Quarantine स्थलहरु र क्षमता :

| क्र. सं. | स्थानीय तह /निकाय | Quarantine स्थलको नाम | Quarantine क्षमता |
|---|---|---|---|
| १ | अमरगढी न.पा. | डडेल्धुरा बहुमुखी क्याम्पस | २० |
| २ | परशुराम न.पा. | त्रिवेणी बहुमुखी क्याम्पस | ५० |
| | | शिवशंकर मा.वि. सादनी | ५० |
| | | सिताराम मा.वि. कुरुमुल्य | १६ |
| | | पर्शुराम प्रा.वि. परिगाउँ | २० |
| | | कालिका प्रा.वि. कटाल | १४ |
| ३ | नवदुर्गा गा.पा. | गौडेश्वर मा.वि. बेलापुर | ५ |
| ४ | भागेश्वर गा.पा. | सरस्वती मा.वि. बगरकोट | ७ |
| | | सरस्वती मा.वि. बोगटा | १२ |
| | | सारदा मा.वि. सिराड | २ |
| | | असिग्राम मा.वि. रुपाल | २ |
| | | कैलपाल मा.वि. पल्युट | २ |
| ५ | आलिताल गा.पा. | दुर्गा उ.मा.वि. डोला | ४० |
| | | कालिका प्रा.वि. घरुलु | ४० |
| | | उणिबोट मा.वि. गांखेत | २० |
| ६ | अजयमेरु गा.पा. | बालकल्याण मा.वि. | १० |
| | | सहस्त्रलिंग मा.वि. | २२ |
| | | भद्रपुर | १५ |
| | | मणिलेक मा.वि. | २० |
| | | केदार शिशु सुधारक मा.वि. | ५० |
| | | चेतना मा.वि. | १० |
| ७ | गन्यापधुरा गा.पा. | सरस्वती मा.वि. भत्कॉडा | २० |
| | | गणेश मा.वि. बडाल | २० |
| | | जनता मा.वि. सकायल | २० |
| | | भुवनेश्वरी मा.वि. जैसेरा | २० |
| | | सिताराम मा.वि. रेल | २० |
| | **जम्मा** | | **५२७** |

**स्रोत : न.पा./गा.पा.बाट प्राप्त भए अनुसार**

**जिल्ला सुरक्षा समिति, Command Post र जिल्ला संकट व्यवस्थापन केन्द्रका बैठकबाट भएका COVID-19 सम्बन्धि मुख्य मुख्य निर्णयहरु :**

## मिति २०७६ साल चैत्र ०८ गतेको बैठकबाट गरिएका मुख्य मुख्य निर्णयहरु :

१. यस जिल्लाको परशुराम न.पा.को वडा नं. ५ को शिर्ष परिगाउँ र वडा नं. ६ को तातापानीमा गरी दुई स्थानमा महाकाली तट क्षेत्रमा Forehead Thermometer सहित हेल्थ हेल्प डेस्क स्थापना गरिएकोमा डुंगाबाट तारउतार सेवा बन्द भएतापनि उक्त क्षेत्रमा वस्ती प्रवेश गर्ने विन्दुमा हेल्प डेस्क सारी सेवालाई निरन्तरता दिन परशुराम न.पा.लाई अनुरोध गर्ने ।

२. भारतबाट कञ्चनपुर, कैलाली हुँदै डडेलधुरा घर फिर्तिका लाई प्रवेश गर्ने यात्रुहरुलाई अमरगढी न.पा. स्याउले चोकमा रहेको ट्राफिक बिट संगै र बागबजार बसपार्कमा Forehead Thermometer सहितको हेल्थ हेल्प डेस्क स्वास्थ्य कार्यालयको समन्वयमा अमरगढी न.पा.बाट आजैबाट सेवा सञ्चालन गर्न अनुरोध गर्ने ।

३. यस जिल्लाका सबै स्थानीय तहहरुलाई आ-आफ्नो क्षेत्रमा कम्तीमा १/१ क्वारेन्टाईन स्थलको स्थापना (सार्वजनिक वा विद्यालय भवनमा) गर्न अनुरोध गर्ने ।

४. हेल्थ हेल्प डेस्क सञ्चालन हुने स्थानमा व्यक्तिहरुको मोबिलिटी व्यवस्थित गर्न नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका जनशक्ति परिचालन गर्ने ।

५. भारतबाट घर फर्किएका नेपालीहरुलार्य १४ दिनसम्म स्व क्वारेन्टाइनमा रहन संचार माध्यमबाट सूचना प्रवाह गर्ने ।

६. एम्बुलेन्स सेवा, स्वास्थ्य कर्मचारी परिचालनको सेवा, सुरक्षाकर्मी परिचालनको लागि सवारी साधनमा आवश्यक पर्ने डिजल/पेट्रोल जुनसुकै समयमा उपलब्ध हुनेगरी स्टक राख्न पेट्रोल जुनसुकै समयमा उपलब्ध हुनेगरी स्टक राख्न पेट्रोल पम्पहरुलाई निर्देशन दिने ।

७. सुरक्षा कार्यमा खटिने नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी कर्मचारीहरुलाई उद्धार कार्यमा खटिदा सम्भावित COVID-19 संक्रमणबाट जोगिन प्रशिक्षित गर्ने ।

८. नजिकिदै आईरहेको चैत्र दशै र बिसु पर्व समूह वा धेरै मानिस जम्मा भई नमनाउन सर्वसाधारणमा अनुरोध गर्ने ।

९. अत्यावश्यक उपभोग्य वस्तुहरु एकै व्यक्ति वा परिवारलाई अति आवश्यक परिमाण बाहेक घरमा बढी भण्डारण गर्ने गरी विक्री नगर्न र स्टक अभाव हुन नपाउने प्रबन्ध गर्न उद्योग बाणिज्य संघ मार्फत सबै व्यवसायीहरुलाई अनुरोध गर्ने र अरुको हितलाई मध्यनजर गरी अत्यावश्यक सामाग्री न्यूनतम परिमाणमा मात्र खरिद गर्न सर्वसाधारणहरुमा अनुरोध गर्ने ।

१०. COVID-19 बाट सतर्क र सजग रहन नेपाल सरकारबाट भएका निर्णय र परस्पर सहयोगका लागि गरिएका अपिलहरुमा आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न जिल्लाका सबै राजनीतिक दलहर, नागरिक समाजलाई अनुरोध गर्ने ।

## मिति २०७६ साल चैत्र १० गतेको बैठकबाट गरिएका मुख्य निर्णयहरु :

१. यस जिल्लामा COVID-19 को संकास्पद लक्षण देखिएका व्यक्तिहरुलाई सम्बन्धित अस्पताल तथा स्वास्थ्य संस्थासम्म उपचारको लागि तत्काल पुऱ्याउन यी जिल्लाका सबै स्थानयि तहहरुलाई अनिवार्य रुपमा Rapid/Quick Response Team गठन गरी आवश्यक स्रोत साधन सहितको प्रबन्ध गर्न अनुरोध गर्ने निर्णय गरियो ।

## मिति २०७६ साल चैत्र १३ गतेको बैठकबाट गरिएका मुख्य निर्णयहरु :

१. मिति २०७६।१२।०२ गतेका दिन बसेको जिल्ला विपद व्यवस्थापन समितिको बैठकबाट स्वीकृत भएको COVID-19 सतर्कता सम्बन्धि स्वास्थ्य क्षेत्रको कार्ययोजनाको कार्यान्वयनको अवस्था बारे समीक्षा गरियो । COVID-19 को चुनौति थपिदै गएको हालको अवस्थामा उक्त कार्ययोजना थप प्रभावकारी बनाउने निर्णय गरियो ।

२. जिल्लाका सबै नगर/गाउँपालिकाका कार्यपालिका कार्यालयमा कार्यरत स्वास्थ्य शाखा प्रमुखले विदेशबाट आएका व्यक्तिहरुको र सम्बन्धित स्वास्थ्य चौकीको Catchment Area मा जनतामा COVID-19 को कुनै लक्षण देखिए नदेखिएको सम्बन्धमा सूचना संकलन गरी दैनिक अपरान्ह ०४:३० बजे सम्म जिल्ला प्रशासन कार्यालयमा Reporting गर्ने र जिल्ला प्रशासन कार्यालयले राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्र (NEOC) मा अपरान्ह ५:०० बजेपछि Reporting गर्ने र COVID-19 को लक्षण देखिई डडेल्धुरा अस्पतालमा पठाउन पर्ने अवस्थामा स्थानीय तहमा स्वास्थ्य संयोजकहरुले अस्पतालका चिकित्सकसँग समन्वय गरेर मात्र विरामी रेफर गर्ने निर्णय गरियो ।

३. आफ्नो स्थानीय पालिकाको क्षेत्रमा भारतबाट फर्कि आई सेल्फ क्वारेन्टाइनमा रहेका र पालिकाले छुट्टै क्वारेन्टाइनमा राखेका व्यक्तिहरुको अवस्थाको सम्बन्धमा सबै पालिकाहरुले आवश्यक व्यवस्थापन, निरन्तर निगरानी गर्ने र सो को आवश्यक समन्वयको नेतृत्व जि.स.स. प्रमुख ज्यूले गर्ने ।

४. जिल्लामा अति आवश्यकीय उपभोग्य वस्तुको आपूर्तिमा कमी हुन नदिन सदरमुकाम बाहिरका पसलहरु पनि आवश्यक अवस्थामा ग्राहकको भिड हुन नपाउने गरी मात्र सञ्चालन गर्न, सदरमुकाम क्षेत्रका बजारमा पनि अति आवश्यक उपभोग्य सामाग्रीको उपभोगबाट माग भएको अवस्थामा सुरक्षा निकायसँग समन्वय गरी ग्राहकको आलोपालो मिलाई Lockdown को नियम पालना हुने गरी डडेल्धुरा उद्योग वाणिज्य संघले आवश्यक प्रबन्ध गर्ने ।

५. यस जिल्लाको क्वारेन्टाइन कार्यविधि तयार गरियो र लागू गर्ने निर्णय समेत गरियो ।

## मिति २०७६ साल चैत्र १६ गतेको बैठकबाट गरिएका मुख्य निर्णयहरु :

१. COVID-19 को सम्भावित जोखिममा यस डडेल्धुरा जिल्ला पनि रहेकोले आगामी दिनमा संकास्पद संक्रमणका विरामी देखिएका अवस्थामा COVID-19 लागेको हो होईन भनि एकिन गर्न र उपचार गर्न यस जिल्लामा COVID-19 जाँच गर्न

सकिने प्रयोगशाला अत्यावश्यक भएको विश्लेषण गरियो । स्थानीय तहहरु बजेट लगानी गर्न तत्पर भएता पनि कानुनी र प्राविधिक कठिनाई देखिएकाले यस जिल्लाको सदरमुकाममा एउटा बहु क्षमतायुक्त र COVID-19 को परिक्षण गर्न सकिने सुविधा सम्पन्न प्रयोगशाला स्थापना गरीदिन नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारलाई अनुरोध गर्ने । साथै यसका लागि आवश्यक नीतिगत निर्णय, बजेट व्यवस्था र प्रबन्धकीय कार्यको विशेष पहल गरिदिन यस जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने माननीयज्यूहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. यस जिल्लाका स्थानीय तहहरुका सबै वडाहरुमा रहेका अति विपन्न नागरिकहरुको विवरण सम्बन्धित स्थानीय तहहरुले अबिलम्ब संकलन गरी जिल्ला प्रशासन कार्यालय समेतमा शिघ्र उपलब्ध गराउन अनुरोध गर्ने । संकलित विवरणका आधारमा हालको Lockdown को कारण ज्याला मजदुरी गर्न नपाई भोकै पर्न सक्ने अवस्थाका व्यक्तिहरुलाई सम्बद्ध सबै सरकारी निकाय, राजनैतिक दलहरु, निजी क्षेत्र, समाजसेवी, नागरिक समाज समेतको सहयोग जुटाई वडा कार्यालय मार्फत अत्यावश्यक खाद्यान्न समेतका उपभोग्य सामान न्यायोचित तवरले अति बिपन्न नागरिकहरुलाई उपलब्ध गराउने गरी व्यवस्था मिलाउने निर्णय गरियो ।

३. यस जिल्लाका स्थानीय तहका सबै स्वास्थ्य चौकीका स्वास्थ्य कर्मचारीहरु र COVID-19 को संकास्पद विरामीको उद्धारमा खटिने सुरक्षाकर्मी सहितका लागि PPE उपलब्ध गराइदिन, संघीय सरकार र प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

## मिति २०७६ साल चैत्र २१ गतेको बैठकबाट गरिएका मुख्य निर्णयहरु :

१) यस जिल्लामा भारत तथा अन्य मूलकबाट आउने व्यक्तिहरुका लागि थप क्वारेन्टाइन निर्माण गर्नु पर्ने भएमा सबै स्थानिय तहहरुले क्वारेन्टाईन निर्माणका लागि आवश्यक पर्ने प्राविधिक सहयोगका लागि जिल्ला स्थित सुरक्षा निकायहरुसंग समन्वय गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

२) यस जिल्लाका सबै स्थानीय तहहरुमा रहेका क्वारेन्टाईनमा बसेका व्यक्तिहरुको लागि खाने, बस्ने लगाएतका अन्य व्यवस्थापकिय कार्य सबै स्थानीय तहहरुले गरेको कार्यका लागि धन्यवाद दिने निर्णय गरियो । साथै यस कार्यलाई निरन्तरता दिन सबै स्थानीय तहहरुसंग अनुरोध गर्ने निर्णय गरियो ।

## मिति २०७६ साल चैत्र २३ गतेको बैठकबाट गरिएका मुख्य निर्णयहरु :

१) मिति २०७६।१२।१३ गतेको Command Post को बैठकबाट यस जिल्लाका ७ वटै स्थानीय तहहरुमा रहने Quarantine स्थलको पहिचान गरी प्रयोगमा समेत ल्याईएकोमा आगामी दिनहरुमा अपुग हुन सक्ने अवस्थाको विश्लेषण गर्दा परशुराम न.पा.को रंगशाला मैदान र अमरगढी न.पा.को उग्रतारा मा.वि. लाई प्रयोग गर्न उपयुक्त हुने देखियो । परशुराम न.पा. मा भारतबाट फर्कि आएको संख्या तुलनात्मक रुपमा बढी भएकाले परशुराम न.पा.को जोगबुडा रंगशाला मैदानमा २०० जनाको क्षमताको Quarantine निर्माण गर्न आवश्यक पर्ने सामग्रीहरु उपलब्ध गराई दिन सुदुरपश्चिम प्रदेश सरकारसंग अनुरोध गर्ने र निर्माण कार्यमा आवश्यक सहयोग गरी दिन नेपाली सेना रणबम गणलाई अनुरोध गर्ने निर्णय गरियो ।

२) मिति २०७६।१२।११ गते कैलाली र कञ्चनपुर जिल्लाको सिमानाका हुदै नेपाल फिर्ता भएका मध्ये यस जिल्लामा फिर्ता आएका र Self Quarantine मा बसेका व्यक्तिहरुको नामथर वडागत ठेगाना पूर्व जानकारीमा रहेको, सो अनुसार स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको संयुक्त टोली परिचालन गरी निजहरुको र घरपरिवारका व्यक्तिहरुको स्वास्थ्य अवस्था जानकारी लिने । थप Test को लागि VTM मगाउने कार्य स्वास्थ्य कार्यालय मार्फत गर्ने । अमरगढी न.पा.को वडा नं. १० र ११ मा आजै गरिएको अनुगमनमा Self Quarantine बसेका व्यक्तिहरुको स्वास्थ्य अवस्था समान्य रहेको जानकारी पाईयो ।

## मिति २०७६ साल चैत्र २५ गतेको बैठकबाट गरिएका मुख्य निर्णयहरु :

१. यस जिल्लाका स्थानीय तहहरुबाट व्यवस्थापन गरिएका विभिन्न १० (दश) वटा क्वारेन्टाइनमा रहेका व्यक्तिहरु आजका मितिसम्म १०६ जना भएको जानकारी गरियो । क्वारेन्टाइनमा रहेका व्यक्तिहरुमा COVID-19 को संक्रमण को कुनै लक्षण नदेखिएको अवस्थामा मात्र स्वास्थ्य कार्यालयसँग परामर्श गरी १४ दिनपछि मात्र घर जान दिने र तत्पश्चात पनि कम्तिमा ७ दिन होम क्वारेन्टाइन गर्न स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो । साथै होम क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको स्थानीय तहहरुसँग समन्वय गरी नियम पालना गराउन नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको गस्तीलाई निरन्तरता दिने निर्णय गरियो ।

२. घरेलु मदिरा उत्पादन, बिक्री वितरण हुन नदिन त्यस्तो पदार्थ जफत गरी नष्ट गर्ने गरिएकोमा लकडाउन अवधिभर जुनसुकै पनि प्रकारको मदिरा जन्य पदार्थ ढुवानी, बिक्री, वितरण र उपभोग गर्न नपाउने गरी लागू गरिएको व्यवस्थालाई थप कडाईका साथ पालना गराउन मदिरा जन्य पदार्थ कारोवार गरेको पाइएमा सुरक्षा निकायबाट कानून बमोजिम कारवाही गर्ने निर्णय गरियो ।

३. जिल्ला प्रशासन कार्यालयमा रहेको DEOC मा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका १/१ जना प्रतिनिधि राखी DCMC लाई थप प्रभावकारी बनाउन COVID-19 सम्बन्धि जिल्लाको सम्पूर्ण प्रकारको जानकारी/सूचना एकिकृत रुपमा संकलन र संप्रेषण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

## मिति २०७६ साल बैशाख ०३ गतेको बैठकबाट गरिएका मुख्य निर्णयहरु :

१) नेपाल सरकार मन्त्रिपरिषदको बैठकको निर्णयबाट COVID–19 को संक्रमणबाट जोगिनका लागि नेपालभर लागू भएको लक डाउनको अवधि २०७७ साल बैशाख १५ गते सम्म थप भए बमोजिम यस जिल्लामा लक डाउनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन यस अधि जारी भएको निषेधाज्ञाको आदेश २०७७ साल बैशाख १५ गतेसम्मका लागि थप गर्ने निर्णय गरियो ।

२) यस जिल्लाको डडेल्धुरा अस्पतालको हाता भित्र रहेको D.R. TV Center मा रहेका ४ जना बिमारीहरुलाई सोही अस्पतालको रिक्त पोषण कक्षमा स्थानान्तरण गरी D.R. TV Center मा रहेका ८ कोठामा COVID–19 का संक्रमण भएका व्यक्तिहरु राख्ने बिषेश आइसोसुलेसन कक्ष स्थापना गर्न डडेल्धुरा अस्पताललाई अनुरोध गर्ने निर्णय गरियो ।

३) लक डाउनको कारण उपभोग्य बस्तुहरुको अभाव हुन नदिन दैनिक ज्यालादारी गरी छांक टार्ने व्यक्ति र आश्रित परिवार, अपाङ्ग तथा अशक्त व्यक्तिहरुलाई स्थानीय तहहरुबाट राहत वितरण गर्न नेपाल सरकारले जारी गरेको निर्देशिकाको मापदण्ड विपरित हुने गरी कतिपय ठांउमा राहत वितरण गरेको गुनासो आएकोले मापदण्ड विपरित राहत वितरण नगर्ने/नगराउन हुन यस जिल्लाका सवै स्थानीय तहहरुलाई लेखी पठाउने र उक्त निर्देशिका बमोजिम राहत विरण भए/नभएको सम्बन्धमा सवै स्थानीय तहका प्रमुख/अध्यक्षहरु संग विशेष सहजिकरणका लागि जिल्ला समन्वय प्रमुखज्यूलाई अनुरोध गर्ने निर्णय गरियो ।

## मिति २०७६ साल बैशाख १५ गतेको बैठकबाट गरिएका मुख्य निर्णयहरु :

१. श्री गृह मन्त्रालय, शा.सु. तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार काठमाण्डौंको च.नं. ३६५४ मिति २०७७।१।१५ गतेको पत्रमा सवारी साधन अनुमति पत्र सम्बन्धि कार्यविधि, २०७६ बमोजिम सवारी पास नभएका कुनै पनि प्रकारका (दुई पांग्रे, चार पांग्रे, साना ठूला सबै) यात्रुवाहक सवारी साधनहरुको आवागमनमा पूर्ण रुपले नियन्त्रण गर्न लेखी आए अनुसार पालना गर्ने गराउने निर्णय गरियो । साथै श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी कैलालीको च.नं. १००६ मिति २०७७।०१।१५ गतेको पत्र साथ प्राप्त निर्णय अनुसार स्थानीय तहहरुले आ-आफ्नो पालिका वाहिर (नेपाल र विदेशमा) रहेका मानिसहरुको अभिलेख तयार गरी ३ (तिन) दिनभित्र प्रदेश संकट व्यवस्थापन केन्द्र (PCMC) मा उपलब्ध गराईदिन यस जिल्लाका सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. नेपाल सरकार मन्त्रिपरिषदको बैठकको निर्णयबाट COVID–19 को संक्रमणबाट जोगिनका लागि नेपालभर लागू भएको लक डाउनको अवधि २०७७ साल बैशाख २५ गते सम्म थप भए बमोजिम यस जिल्लामा लक डाउनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन यस अधि जारी भएको निषेधाज्ञाको आदेश २०७७ साल बैशाख २५ गते सम्मका लागि थप गर्ने निर्णय गरियो ।

३. लक डाउनको अवधीमा यस जिल्लाका केहि स्थानका राष्ट्रिय वन, तथा सामुदायिक वन क्षेत्रमा वन अतिक्रमण बढेको भन्ने समाचारहरु तथा डिभिजन वन कार्यालयबाट समेत जानकारी आएकोले Proactive भै वन अतिक्रमण हटाउन र आवश्यक परेमा सुरक्षा निकायको समेत सहयोग लिई प्रभावकारी कार्य गर्न डिभिजन वन कार्यालयलाई लेखी पठाउने निर्णय गरियो ।

४. यस जिल्लामा हालसम्म जम्मा २१५ जना व्यक्तिहरुको COVID–19 संक्रमण सम्बन्धी PCR विधिवाट स्वाब नमूना परिक्षण गरिएकोमा सबै नतिजा Negative आएको, १९२ जनाको RDT गरिएकोमा १९० जनाको नतिजा Negative आएको र २ जनाको RDT पोजेटिभ आएकोमा PCR गर्दा निजहरुको पनि PCR Report Negative आएको । साथै सम्पर्क परिक्षण RDT बाट गर्दा सबै Negative आएको । विभिन्न मितिमा गरी १६ जना संकास्पद लक्षणका व्यक्तिहरु Isolation मा भर्ना भएकोमा

उपचार गरी सबै जना निको भएको विषयमा जानकारी भयो । साथै आगामी दिनका लागि नमूना परिक्षण गर्न VTM/RDT सामाग्री थप पठाई दिन नेपाल सरकार र प्रदेश जनस्वास्थ्य प्रयोगशाला धनगढी समक्ष अनुरोध गर्ने निर्णग गरियो ।

५. दार्चुला, बैतडी, कञ्चनपुर, कैलाली जिल्लाको नेपाल सिमा पारी भारतका क्वारेन्टाइनमा यस जिल्लाका नागरिकहरु पनि करिब १ महिना जति रहेका र निजहरुलाई नेपाल ल्याउने प्रकृया भएको अवस्थामा यस जिल्लाका सम्बन्धित स्थानीय तहहरुले आ-आफ्ना स्थानीय ठेगाना भएका व्यक्तिहरुलाई मापदण्ड बमोजिमको क्वारेन्टाइनमा अनिवार्यरुपमा राख्ने, स्वास्थ्य परिक्षण गराउने व्यवस्थापनका लागि अग्रिम तैयारी गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने । साथै स्वदेशकै विभिन्न ठाउँहरुबाट आ-आफै र स्थानीय तहहरुको विशेष पहलमा उद्धार गरी ल्याइएका व्यक्तिहरुको यात्रा, बसोबास गरेको स्थान समेतको आधारमा विश्लेषण गरी अनिवार्य रुपमा क्वारेन्टाइन गर्न, स्वास्थ्य परिक्षण गर्न, लकडाउनको पूर्ण पालना गर्ने/गराउने जिम्मेवारी बहनका लागि स्थानीय तहहरुलाई विशेष ध्यानाकर्षण सहित अनुरोध गर्ने निर्णय गरियो ।

६. जिल्ला क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन समितिलाई स्थानीय तहहरुले व्यवस्थापन गरेका क्वारेन्टाइनहरुको अनुगमन गरी आवश्यक समन्वय र सहजीकरण गर्न निर्देशन दिने निर्णय गरियो ।

७. COVID–19 को रोग रोकथाम, संभावित संक्रमणबाट जोगिन अपनाउनु पर्ने सचेतना र सर्तकताका विषयमा र लकडाउन पालनाका विषयमा सञ्चार माध्यमबाट सर्वसाधारणमा गरिएको सूचना संप्रेषणका लागि जिल्लाका सम्पूर्ण संचारकर्मीहरुमा धन्यवाद दिने निर्णय गरियो ।

८. COVID–19 को संक्रमणको स्वास्थ्य जाँच गर्ने जिल्लाका अस्पतालका चिकित्सकहरु र प्रयोगशालाका टेक्नीसियनहरु, स्वास्थ्य कार्यालयका कर्मचारीहरु, स्थानीय तहका स्वास्थ्य संयोजक तथा सम्पूर्ण स्वास्थ्यकर्मीहरु र एम्बुलेन्स चालकहरुलाई उहाँहरुको महत्वपूर्ण सेवा र विशेष भूमिकाका लागि धन्यवाद दिने निर्णय गरियो ।

९. लामो समय लकडाउनका कारण दैनिक जीवन गुजारा गर्न समस्या परेका व्यक्तिहरुलाई अत्यावश्यक खाद्यान्न सामाग्री राहत वितरण गर्नुहुने सातवटै स्थानीय तहमा हार्दिक आभार प्रकट गरियो । स्थानीय तहमा राहत सामाग्री उपलब्ध गराई राहत वितरण गर्न सहयोग पुऱ्याउने सम्पूर्ण व्यक्ति, संघ संस्थालाई विशेष धन्यवाद दिने निर्णय गरियो ।

१०. स्थानीय तह मार्फत वितरण भएको राहतमा एकाध स्थानमा केही दैनिक ज्यालादारी र विपन्न बर्गका व्यक्तिहरु राहत पाउनबाट बन्चित भएको भन्ने गुनासोलाई संवोधन गर्न सुदूरपश्चिम प्रदेश सरकारबाट गठन भएको जिल्ला स्तरीय राहत अनुगमन समिति मार्फत सबै स्थानीय तहहरुलाई राहत वितरणमा मापदण्ड पालना गर्न, गराउन अनुरोध गर्ने निर्णय गरियो ।

**सशस्त्र प्रहरी बल नं. ५२ गुल्मबाट महाकाली नदी सिमा क्षेत्रमा गरिएको सुरक्षा गस्ती :**






नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## डडेल्धुरा

फोन नं.: ४२०१३३
४२०५५५
फ्याक्स नं.: ४२०१५३
daodadeldhura133@gmail.com

मिति:-२०७७/०१/२२

### COVID-19 सम्बन्धि Reporting

| सि. नं. | जिल्ला | चेकजाँच गरेको जम्मा संख्या | क्वारेन्टाइन बेड संख्या | क्वारेन्टान्इनमा बसेको संख्या | | क्वारेन्टाइनबाट फिर्ता गरेको संख्या | क्वारेन्टाइनमा बसेको विरामी को संख्या | क्वारेन्टाइनमा बसेको विरामीहरु को खानपिनको व्यवस्था | Isolation बेड संख्या | Isolation मा बसेको संख्या | | Isolation बाट फिर्ता गरेको संख्या | स्वास्थ्य परिक्षण भएको संख्या | PPE को संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | | | | | महिला | पुरुष | | | | |
| १ | डडेल्धुरा | ५०० (पहिले नै भएको) | ५२७ | ४ निजहरु स्वदेशमै एक जिल्लाबाट अर्को जिल्लामा आएका । | ६५ निजहरु मध्ये ३६ जना बैतडी र दार्चुलाको भारतीय सिमाबाट उद्धार गरी ल्याइएका । | हालसम्म १७१ जना फिर्ता गरेको । | ० | सम्वन्धित स्थानीय तहबाट भएको | १८ | ० | ० | हाल सम्मको १६ जना | १. क्वारेन्टाइन र होम क्वारेन्टाइनमा बसेका १९९ जनाको PCR Report negative आएको ।<br>२. डडेल्धुरा अस्पतालमा भर्ना भएका विरामी मध्ये १९ जनाको PCR भएकोमा Report Negative आएको । हालसम्मको जम्मा PCR २१८ जना ।<br>३. RDT संख्या हालसम्मको जम्मा २४६ जना सबैको रिपोर्ट Negative आएको । | २९६ (जसमध्ये १४५ प्रयोगमा ल्याइएको) | आजको Report<br>PCR-0<br>RDT-2<br>क्वारेन्टाइन बाट फिर्ता-२४<br>आइसोलेसनबाट फिर्ता-० |

जगन्नाथ पन्त
प्रमुख जिल्ला अधिकारी

---

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## डडेल्धुरा

फोन नं. :४२०१३३
४२०५५५
फ्याक्स नं.:४२०१५३
daodadeldhura133@gmail.com

पत्र संख्या :-२०७६/२०७७/प्र.
चलानी नं. :-

मिति :- २०७६/११/२२

### कोरोना भाइरस (COVID-19) को संभावित संक्रमणबाट बचौं, बचाऔं

विश्व्यापी महामारीको रुप लिने जोखिम रहेको कोरोना भाइरस (Covid-19) को संक्रमण विश्वको धेरै मुलुकहरुमा फैलिईसकेको छ । विश्व स्वास्थ्य संगठनले (WHO) नेपाललाई पनि कोरोना भाईरस संक्रमणको उच्च जोखिमयुक्त मुलुकहरुको सूचीमा समावेश गरी सकेको छ । नेपाल सरकारले कोरोनो भाईरस संभावित संक्रमणबाट बच्न बिदेश भ्रमण नगर्न, धेरै मानिसहरु भेला जम्मा हुन, सभा, सम्मेलन, तालिम, गोष्ठि आदी नगर्न/नगराउन आव्हान गर्दै पूर्व निर्धारित केहि तालिम,गोष्ठि,सभा,सम्मेलन लगाएतका कार्यहरु समेत स्थगित गरि सकिएको छ । कोरोना भाईरसको संभावित संक्रमण फैलिन नदिन संक्रमण भईहालेमा उपचार र रोकथामका लागि यस जिल्लामा पनि डडेल्धुरा अस्पतालमा एक आइसोलेसन वार्डको व्यवस्था गरिएको छ ।

तिव्रगतिमा फैलिएको कोरोना भाईरसको संक्रमणबाट बच्न र बचाउन सवै सचेत नागरिकको जिम्मेवारी हुन आएको छ ।त्यसैले संक्रमणको जोखिम बढाउने पानी,धुलो, धुवाँ, अबिर रङ्ग लगाएतका बस्तुको प्रयोग गर्दा सावधानी अपनाउन मानिसहरु भेला जम्मा हुने र भिडभाड हुने सार्वजनिक मेला जात्रा र उत्सवहरुको योजना नगर्न नगराउन र त्यस्ता भेला उत्सवहरुमा सहभागी नबन्न साथै नजिकै आइरहेको होलीपर्वलाई समेत मध्यनगर गरी मानिसहरु भेला भई पानी अबिर रङ्ग आदी प्रयोग गरी होली नखेल्न नखेलाउन, अत्यावश्यक कामको लागि मात्र घर वाहिर जान, हात मिलाउनुको सट्टा नमस्कार गर्न तथा सम्भावित संक्रमणको जोखिमबाट आफु सचेत रहन र अरुलाई पनि सचेत गराउन यस जिल्लाका सबै जन प्रतिनिधि, नागरिक समाज, संघ संस्था उद्योगी, व्यवसायी, शिक्षक, विद्यार्थी, अभिभावक, सञ्चार माध्यम लगाएत आम सर्वसाधारणमा जिल्ला प्रशासन कार्यालय डडेल्धुरा हार्दिक अपिल गर्दछ ।

गणेश दत्त ओझा
सहायक प्रमुख जिल्ला अधिकारी